**प्राइम लाइफ**

सुरक्षित भविष्य

# प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

हात्तिसार, काठमाडौं

## आर्थिक बर्ष २०७७/०७८ को चौथो त्रैमासिक (आषाढ मसान्त) सम्मको वित्तीय विवरण

(रकम रू. हजारमा)

| क्र.सं | विवरण | लेखा परीक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको अघिल्लो आ.व.को सम्वन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | १७,९६०,५७९ | १७,१९३,६४२ | १४,७६४,८१६ |
| १.१ | चुक्ता पुँजी | २,४१७,०५७ | २,४१७,०५७ | २,२५८,९३२ |
| १.२ | जगेडा तथा कोष | ६९२,६२१ | ६२५,२९९ | ८८९,८२३ |
| १.३ | जीवन बीमा कोष | १४,६९५,७५४ | १४,००३,६१९ | ११,४७६,६५१ |
| १.४ | महाबिपत्ती कोष जगेडा | १५५,१४७ | १४७,६६७ | १३९,४१० |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | १७,९६०,५७९ | १७,१९३,६४२ | १४,७६४,८१६ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | २४४,१६४ | २४३,९८३ | २१३,५९८ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | १३,६०४,६७७ | १३,३३२,४६६ | १०,८७५,८४५ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १,४६१,४०९ | १,४७०,३३९ | १,१९६,३३३ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | २,६५०,३२९ | २,१४६,८५४ | २,४७९,०४० |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | - | - | - |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरू (३.१ देखि ३.३ सम्म) | ३,८२६,३१२ | ३,२२१,१३९ | ३,७२६,३२९ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ७८,७४७ | ३१,६५३ | २२९,५२७ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | २,४३१,५५२ | २,०३३,१०० | २,३५८,८९५ |
| ३.३ | अन्य सम्पति | १,३१६,०१३ | १,१५६,३८६ | १,१३७,९०७ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरू (४.१ देखि ४.४ सम्म) | १,१७५,९८३ | १,०७४,२८५ | १,२४७,२८९ |
| ४.१ | चालु दायित्व | ७२०,५१९ | ५१७,९६८ | ५४३,४७७ |
| ४.२ | असमाप्त जोखिम वापत ब्यवस्था | ३४०,००० | ३९०,००० | ४५०,००० |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत ब्यवस्था | ८,७८९ | ९,०३९ | ५,७०१ |
| ४.४ | अन्य ब्यवस्था | १०६,६७५ | १५७,२७८ | २४८,१११ |
| | **नाफा नोक्सान हिसाव** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ४०७,७४८ | ३०१,२४३ | ४३४,२९६ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ७१,२५२ | २१,५१७ | १९०,२१७ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | - | - | - |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | २६१,६०६ | २०२,०५२ | २४१,९७५ |
| १.४ | व्यवस्था फिर्ता | ७४,८९० | ७७,६७४ | २,१०४ |
| १.५ | अन्य आम्दानी | - | - | - |
| २ | व्यवस्था तथा खर्चहरू (२.१ देखि २.८ सम्म) | ९९,४६६ | ७२,६१८ | १३५,७३२ |
| २.१ | व्यवस्थापन खर्च | ६०,३१४ | ४३,६५० | ५९,३३७ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | अन्य खर्चहरू | ३,१३८ | ३,०१६ | २,३०३ |
| २.४ | नोक्सानीको लागि व्यवस्था | १,७६० | ५४९ | ४०,९१८ |
| २.५ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ३४,२५४ | २५,४०३ | ३३,१७४ |
| २.७ | समन्येजित आयकर | - | - | - |
| २.८ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | खुद नाफा/(नोक्सान) (१ - २) | ३०८,२८२ | २२८,६२५ | २९८,५६४ |
| | **एकिकृत आय व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | ५,८४३,८४४ | ४,५८६,००० | ४,७५८,११२ |
| १.१ | बीमाशुल्क (खुद) | ३,९८४,०४६ | ३,०७६,६०८ | ३,२६२,५९८ |
| १.२ | पुनर्बीमा कमिशन आय | - | - | - |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | १,१७५,६४७ | ८६८,७९७ | ९१०,२३१ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | १३६,३८१ | ९८,५१८ | १०७,८०५ |
| १.५ | अन्य प्रत्यक्ष आय | ३९,३५२ | ३३,६५९ | २०,६८२ |
| १.६ | यस बर्षको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ८,४१८ | ८,४१८ | ६,७९६ |
| १.७ | यस बर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | ५००,००० | ५००,००० | ४५०,००० |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | २,४९८,४६४ | १,९८२,०४३ | २,०३०,३०१ |
| २.१ | दावी भुक्तानी (खुद) | १,१३१,३७६ | ८०६,९५३ | ६५३,२०७ |
| २.२ | अभिकर्ता कमिशन | ४३०,९०९ | ३४८,५१९ | ३५०,९८१ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | ४,७२२ | ३,९१४ | ३,७५५ |
| २.४ | पूनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | ३९,८४० | ३०,७६६ | ३२,६२६ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.७ | व्यवस्थापन खर्च | ५४२,८२८ | ३९२,८५२ | ५३४,०३१ |
| २.८ | आयकर | - | - | - |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ८,७८९ | ९,०३९ | ५,७०१ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | ३४०,००० | ३९०,००० | ४५०,००० |
| ३ | वचत (१ -२) | ३,३४५,३८० | २,६०३,९५७ | २,७२७,८११ |
| ३.१ | जीवन बीमाकोषमा सारेको | ३,२७४,१२८ | २,५८२,४४० | २,५३७,५९३ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ७१,२५२ | २१,५१७ | १९०,२१७ |
| | **अन्य विवरण** | | | |
| १ | कुल बीमा शुल्क आर्जन रकम (यस वर्ष) | ४,०४१,०६७ | ३,११७,१९६ | ३,३००,१५१ |
| २ | कुल बीमा शुल्क आर्जन रकम (हालसम्म) | २२,४८९,५३५ | २१,५६५,६६४ | १८,४४८,४६८ |
| ३ | कुल कायम रहेको बीमालेखको संख्या | २२२,९५७ | २३८,८३१ | २९०,५३८ |
| ४ | कुल जारी बीमालेखको संख्या | १,७४०,२३९ | १,७३३,८५६ | १,७०८,७२१ |
| ५ | घोषित मुनाफा (वोनस) को दर (प्रति हजार) | ३०-७५ | ३०-७५ | ३५-७५ |
| ६ | अन्तरिम मुनाफा (बोनस) को दर (प्रति हजार) | ३०-७५ | ३०-७५ | ३५-७५ |
| ७ | कुल दावी भुक्तानी रकम | १,२११,१३५ | ८७३,१४४ | ७१०,१२७ |
| ८ | कुल दावी भुक्तानी संख्या | ३,८७५ | २,९०८ | २,५४९ |
| ९ | भुक्तानी हुन बाँकी दावी रकम | ८,५९३ | १०,२५० | ५,५४२ |
| १० | भुक्तानी हुन बाँकी दावी संख्या | ३७ | ४२ | २८ |

द्रष्टव्यः

१. लेखापरीक्षण नभएका अंकहरू नियमन निकायको निर्देशन तथा लेखापरीक्षण पश्चात हेरफेर हुन सक्नेछन ।

२. आ.व. २०७७/७८ को सामान्य म्यादी जीवन बीमालेखको असमाप्त जोखिम बापत व्यवस्था समानुपातिक हिसावले राखिएको छ । बीमांकिय मुल्यांकन प्रतिवेदन प्राप्त भएपश्चात सोही बमोजिम हुनेछ ।

३. बीमा पुल बाट सञ्चालित बैदेशिक रोजगार बीमाको बीमाशुल्क तथा बीमा दावी सम्बन्धि आ.ब. २०७७/७८ को तेश्रो र चौथो त्रैमासिक अवधिको विवरण प्राप्त नभएकोले सो समावेश हुन नसकेको ।

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.ब. २०७७/७८ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**:

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस कम्पनीको आ.व. २०७७/७८ को चौथो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरुः

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी : | रु. १२.७५ | मूल्य आम्दानी अनुपात | : ७४.८० |
| प्रति शेयर नेटवर्थ : | रु. १३५.०७ | प्रति शेयर कूल सम्पत्तीको मुल्य | : रु. ७९१.७३ |

**२. व्यवस्थापकिय विश्लेषण** :

जनमानसमा जीवन बीमा शिक्षा मार्फत बीमाको महत्व तथा आवश्यकता सम्बन्धमा जनचेतना जगाई जीवन बीमा गराउने परिपाटीको क्रमिक विस्तार गर्नु आज सबै जीवन बीमा कम्पनीहरुको प्रमुख उदेश्य हुनु पर्नेछ। यसका लागी नियामक निकाय एवं जीवन बीमा व्यवसायमा संलग्न बीमक कम्पनीहरुबाट भएका बीमा सम्बन्धि जागरुक अभियान हाल देशका धेरैजसो भुभागमा पुगेको महसुस भएको छ। यस कम्पनीले आम नागरिकको आवश्यकता तथा समयानुकुल विविध जीवन बीमा योजनाहरु प्रचलनमा ल्याई देशका विभिन्न स्थानमा कार्यालय सञ्जाल (शाखा/उपशाखा) बिस्तार गरि समयानुकुल उत्कृष्ट र कुशल जीवन बीमा सेवा दिई जनमानसमा आर्थिक तथा सामाजिक सुरक्षाको प्रत्याभुती दिलाउन हालसम्म सफल रहेको छ। साथै, यस्तो उपलब्धि नियमित र प्रभावकारी बनाउन कम्पनीको व्यवस्थापन निरन्तर प्रयत्नरत छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण** : नभएको।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण** :

कम्पनी सञ्चालनको वर्तमान अवस्था कम्पनीको सञ्चालन प्रक्रिया तथा अन्य सुचनाहरुको आधारमा शेयर बजारको अध्ययन र अनुसन्धान तथा कम्पनीको बित्तिय अवस्थाको आधारमा लगानी गर्न हालको अवस्थामा शेयर बजारको उतारचढावको अवस्थालाई लगानीकर्ताहरुले सहि विश्लेषण गरि, सजगता अपनाई लगानी गर्नुहनेछ र देशको आर्थिक वातावरणमा स्वच्छता निरन्तर कायम रहनेछ भन्ने कम्पनी व्यवस्थापनको धारणा रहेको छ।

कम्पनीको चालु आर्थिक वर्ष २०७७/७८ को चौथो त्रैमासिक अवधिमा भएको शेयर कारोवारको विवरण (नेपाल स्टक एक्स्चेन्ज लि. को वेवसाइट अनुसार) निम्नबमोजिम रहेको छ :

| शेयरको अधिकतम मुल्य | शेयरको न्युनतम मुल्य | शेयरको अन्तिम मुल्य | कारोवार भएको जम्मा दिन | शेयर कारोवार संख्या |
|---|---|---|---|---|
| रु. १,१३३ | रु. ८७३ | रु. ९५४ | ४५ | ३,०८२,८६२ |

**५. समस्या तथा चुनौती** :

जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन्ः

- नेपालका सम्पूर्ण भुभागमा जीवन बीमा सम्बन्धि सचेतना फैलाउने कार्य भइरहेको भएतापनि देशको बिकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानसमा जीवन बीमा जनचेतनाको कमी रहनु।
- जीवन बीमा विषयमा अध्ययन/अध्यापनको आवश्यकता अनुरुप विस्तार हुन नसकिरहेको अवस्था।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास हुन थप प्रयाश आवश्यक रहेको अवस्था।
- बीमा वजारमा क्रियाशिल अभिकर्ताहरु पूर्ण व्यवसायिक र पेशागत हुन नसकेको अवस्था।
- हाल दोस्रो चरणको COVID – 19 महामारीका कारणले गर्दा व्यवसायिक स्थितीमा सिथिलता आएको कारण यस महामारीलाई चुनौतीको रुपमा लिनुपर्ने अवस्था रहेको छ।

बीमा क्षेत्रमा रहेका उल्लेखित समस्या तथा चुनौतीहरुलाई सामना गर्दै नविनतम, उच्चस्तरीय र आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवा प्रदान गरि संस्थागत कुशल व्यवस्थापन तथा पारदर्शिता जस्ता नीतिहरु अवलम्बन गरी बीमा शिक्षा तथा सचेतना कार्यक्रमहरुलाई समेत व्यवसाय विस्तारमा प्रयोग गर्दै नेपाल राज्यभर विस्तारित कार्यालय सञ्जालहरु तथा सूचना प्रविधिको माध्यमबाट विभिन्न भुक्तानी प्रदायक संस्थाहरु मार्फत बीमितलाई भुक्तानी लगायतका विविध सेवा प्रदान गर्दै व्यवसायिक लक्ष्य हासिल गर्न कम्पनी अनवरत प्रयासरत छ।

**६. संस्थागत सुशासन**:

विद्यमान ऐनकानून तथा नियमन निकायबाट लागू गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरि लागू गरेका विभिन्न नीतिनियमहरु बमोजिम कार्यसम्पादन गरि कम्पनीका सञ्चालक एवं व्यवस्थापनका व्यक्तिहरु रहने गरि लेखापरीक्षण समिति, लगानी समिति, मानव संशाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति र आवश्यकतानुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामुहिक रुपमा निर्णयहरु गरि जोखिमलाई कमी गर्ने, स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरीक्षण गरि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना गरिआएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण**:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन।